# पुँजीगत खर्चको तोक आदेश सम्बन्धी कार्यविधि, २०७९

## इस्मा गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

## इस्मा रजस्थल, गुल्मी

# पुँजीगत खर्चको तोक आदेश सम्बन्धी कार्यविधि-२०७९

**प्रस्तावनाः-**

इस्मा गाउँपालिका भित्र वार्षिक कार्यक्रममा छुटेका योजनाहरु, निर्माणाधिन अवस्थाका सम्पन्न गर्नुपर्ने योजनाहरु, अलपत्र रहेका योजनाहर, कम लागतमा पनि सुविधा पुर्याउने खालका योजनाहरु, खानेपानी, विपद् तथा विविध विषयलाई समेट्ने गरी काम गर्न वाञ्छनीय भएकोले स्थानीय तहको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७५ को दफा (४) ले दिएको अधिकार प्रयोग गरी कार्यपालिकाले यो कार्यविधि बनाएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भः-**

क. यस कार्यविधिको नाम पुँजीगत खर्चको तोक आदेश सम्बन्धी कार्यविधि, २०७९ रहेको छ।

ख. यो कार्यविधि कार्यपालिकाबाट स्वीकृत भएको मिति देखि प्रारम्भ हुनेछ।

**२. उद्देश्य**

तोक आदेश सम्बन्धी कार्यविधि जारी गर्नुको मुख्य उद्देश्य हरु निम्नानुसार छन्।

क. योजना तथा कार्यक्रमको तोक आदेश बापतको रकमलाई पारदर्शी र विधिवत रुपमा खर्च गर्न,

ख. दफा (४) मा उल्लेखित क्षेत्रहरुमा मात्र तोक आदेश वापतको रकम खर्च गर्न,

ग. भैपरी आउने खर्चको व्यवस्थापन गर्न,

घ. तोक आदेश बापतको रकम यथार्थपरक विवरण अभिलेखिकरण गर्न, आदि।

**३. तोक आदेश रकमको व्यवस्था**

गाउँसभाले वार्षिक स्वीकृत कार्यक्रम मार्फत गर्नेछ

**४. खर्च गर्न सकिने क्षेत्रहरुः**

योजना तथा कार्यक्रमहरुको तोकआदेशको रकमलाई गाउँपालिकाले देहायका शिर्षकहरुमा मितव्ययी र पारदर्शी ढंगले खर्च गर्न सक्नेछ।

क. योजना कार्यान्वयनका लागि आवश्यक पर्ने प्राविधिक सामाग्री खरिद,

ख. योजना कार्यान्वयनका लागि आवश्यक पर्ने प्राविधिक कर्मचारी व्यवस्थापनमा लाग्ने खर्च

ग. तत्काल कार्यान्वयन गर्न आवश्यक ठानिएका योजना तथा कार्यक्रमहरु

घ. गाउँपालिकाको निर्णय बमोजिम तोकिएको अन्य क्षेत्र,

**५. कार्यक्रम कार्यान्वयनः**

क. गाउँपालिकाको समग्र विकासका लागि आवश्यक पर्ने योजना संञ्चालनका लागी अध्यक्ष वा उपाध्यक्षले तोक लगाएका निवेदन हरुलाई योजना गत रुपमा काम गरिनेछ।

ख. कार्यक्रम कार्यान्वयनका लागि न्युनतम रकम रु. १०,०००/- घटाउन पाइने छैन् ।

**६. थपघट, हेरफेर वा संशोधन**

कार्यपालिकाले यस कार्यविधिलाई आवश्यकता अनुसार थपघट वा हेरफेर गरी संशोधन गर्न सक्नेछ।

**७. बाधा अड्काउ फुकाउने अधिकारः**

**क.** यस कार्यविधिको कार्यान्वयनको सिलसिलामा कुनै बाधा अड्काउ परेमा सो फुकाउने अधिकार विधान समितिको सिफारिसमा कार्यपालिकाको हुनेछ।

ख. तर प्रचलित ऐन, कानुन, नियम र यस कार्यविधिको मुलभुत कुरालाई असर गर्ने गरी बाधा अड्काउ फुकाउने अधिकार प्रयोग गर्न सकिने छैन् ।